# बैठक नं. ११
# २०७४ साल पौष २५

आज मिति २०७४ साल पौष २५ गते मंगलबारका दिन मुसिकोट नगरपालिका नगर कार्यपालिका को एघारौं बैठक नगर प्रमुख श्री देविलाल गौतम ज्यूको अध्यक्षतामा मुसिकोट नगरपालिकाको कार्यलय सेरिगाउँ रुकुममा बैठक बसी तपशिलको उपस्थितिमा निम्न निर्णयहरु पारित गरियो ।

**निर्णय नं. १**

मुसिकोट नगरपालिका वडा कार्यालयहरुमा आ.व. २०७४/७५ को साउन देखि हालसम्म संकलन भएको सम्पुर्ण आन्तरीक राजश्व मिति २०७४ साल पौष मसान्त भित्र नगरपालिका कार्यलयमा दाखिला गर्नुपर्ने र राजश्व दाखिला नगरेको खण्डमा नगरापालिकाबाट दिईने भुक्तानी रोक्का गर्ने निर्णय गरीयो ।

**निर्णय नं.२**

मुसिकोट नगरपालिकाको सम्पुर्ण क्षेत्रभित्र विकास निर्माणका कार्य सञ्चानल गर्दा प्रयोग गरीने ब्याकहो लोडर, स्काईभेटर आदि जस्ता मेशिनहरु प्रयोग गर्दा नगरपालिकामा सुचिकृत गर्नुपर्ने साथै सानोको रु ५०००।- (पाच हजार ) र ठुलोको १०,०००(दश हजार) प्रतिबर्ष शुल्क लिने निर्णय गरीयो ।

**निर्णय नं.३**

यस मुसिकोट नगरपालिकाका कार्यालय तथा वडा कार्यालयका लागि कार्यालय सहयोगी जम्मा १६ जना आवश्यक भएकोले करारमा भर्ना गर्ने, निजहरुलाई प्रति महिना १०,०००( अक्षरुपी दश हजार रुपैया मात्र) प्रति महिनाका दरले पारिश्रमिक दिने निर्णय गरियो । साथै यस नगरपालिका इकाइ, शाखा कार्यालका लागि आवश्यक अन्य कार्यालय सहयोगी भर्ना गर्न सकिने निर्णय गरियो ।

**निर्णय नं.४**

यस नगरपालिका सबै वडा कार्यालय तथा नगरपालिका क्षेत्रभित्रका सबै बस्तीमा विद्युत लाइन विस्तार गरी वडा कार्यालयमा इन्टरनेट सेवा संचालन गर्न आवश्यक प्रकृया अगाडि वढाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस मसिकोट नगरपालिकाको स्वामित्वमा वडा नं. खलंगा स्थित साविकको नगरपालिका कार्यालय रहेको भवनको दोस्रो तलामा १ नम्बर वडा कार्यालय संचालन गर्ने र पहिलो तलाका सटरहरु भाडामा दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

पिपलनेटा मध्ये पहाडि जोड्ने मोटर बाटोको बजार क्षेत्रमा समेत सडक सर्भे गरी कालो पत्रे गर्न भवन डिभिजन कार्यालय रोल्पालाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस मुसिकोट नगरपालिकाको क्षेत्रभित्र रहेको जिल्ला हुलाक कार्यालयको जग्गामा एकिकृत संयुक्त कार्यालय भवन निर्माण गर्ने निर्णय गरियो । साथै घण्टाघर निर्माणका लागि ५ रोपनि सार्वजनिक, सरकारी तथा व्यक्तिगत मध्ये उपलब्ध हुनसक्ने वडा नं. ४ अन्तरगतका जग्गा खोजीका लागि ७ दिने सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस नगरपालिकाबाट संचालित पाँच लाख भन्दा माथि योजना नगरपालिकाबाट अनुगमन गर्ने र पाँच लाख भन्दा कमका योजनाहरु सम्बन्धित वडाका जनप्रतिनिधिहरुको अनुगमन गर्ने यदि विवाद भएका योजनाहरुका सम्बन्धमा नगरपालिकाबाट अनुगमन गर्ने निर्णय गरियो । साथै हाल सम्म संचानलन भएका योजनाका आवश्यक का सम्पन्न प्रकृया पूरा भई आएमा नियम अनुसार भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस मुसिकोट नगरपालिका क्षेत्रभित्र राप्ती लोक मार्ग र मध्यपहाडि लोक मार्गमा निर्माण भएका भवनहरु केन्द्रबाट पकमा भएको घरहरुको अभिलेखीकरण गरी नक्सा प्रमाणित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

घर निर्माण गर्न इजाजत लिन कम्तीमा ९० वर्ग मि. जग्गा हुनुपर्ने साथै २०७२ असाढ मसान्तसम्म निर्माण भएका घरहरुको हकमा ६० वर्ग मि. जग्गामा बनेको छ भने अभिलेखीकरण गरी नक्सा प्रमाणित गर्ने, यस नगरपालिका क्षेत्रभित्र अभिलेखीकरण गरी नक्सा प्रमाणित गर्ने, इजाजत नलिई बनेका घरहरुलाई प्रति वर्ग फिट रु २० का दरले राजश्व लिने निर्णय गरियो ।

**निर्णय नं. ११**

यस नगरपालिकाका लागि कर्मचारी आवश्यकता सम्बन्धी प्रकाशित विज्ञापनमा दरखास्त दिई संचालित परीक्षाबाट योग्यताक्रमको आधारमा सफल विभिन्न पदका कर्मचारीहरुलाई मिति २०७४ पौष १९ गते देखि लागू हुने गरी करार सम्झौता गर्न प्रमुख प्रशासकिय अधिकृतलाइ जिम्मा दिने निर्णय गरियो । साथै निजहरुलाई सेवा अवधि ६ महिना पुगेपछि पोशाक र चाडपर्व खर्च पनि दिने निर्णय गरियो । सफल पद सव-इन्जिनियर २ जना, अनमी ३ जना, स्टाप नर्स १, स्वास्थ्यका का.स. २ IT Officer १ जना अमिन १ जना भएका निर्णय गरियो ।

**निर्णय नं. १२**

यस मुसिकोट नगरपालिकाको कार्यालयबाट विनियोजन गरियो रु पाँच लाख बाट तपशिलका वडामा निम्न योजना छनौट गरियाको निर्णय गरियो ।

क) वडा नं. ७ — सांख खोला १ लघु जलविद्युत आयोजना नहर मर्मत- ५ लाख

ख) वडा नं. ६ — भण्डारीकाडा सडक - १३०,०००।-
सुवाखोला साउनडाडा सडक - १०००००।-
डाडिगाउँ कालीमाटी सडक - २५००००।-
जोगी चौर सडक- २००००।-

ग) वडा नं. ९ — राङजी माथिल्लो अदुवावारी खोनपानी मर्मत २०००००।-
२. ९ नं. वडा कार्यलय मर्मत - रु १,२०,०००।-
३. काउलेखोला लालिबाङ खानेपानी मर्मत- रु ८०,०००।-
४. सितल पोखरी झुल्खेत चुनबाङ सडक सफाई- रु १०००००।-

**निर्णय नं. १३**

मुसिकोट नगरपालिका वडा नं. ४ को बजेटबाट मन्दिर संरक्षण तथा मर्मत रु ३०००००।- छुट्याइएकोमा भगवति मन्दिर निर्माण रु २०००००।- र व्याडमिन्टन कोर्ड निर्माण रु ७५०००।- र भवानी मन्दिर मर्मत रु २५०००।- छुट्याउने निर्णय गरियो ।

**निर्णय नं. १४**

नगरपालिकाको क्षेत्रभित्र रहेका सार्वजनिक सम्पत्तिको विविरण एकिकृत गरी सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिले नगर कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस मुसिकोट नगरपालिकाको विपद ब्यवस्थापन समितिको बैठकले मिति २०७४ सला पौष ६ गने विहिबारका दिन गरेक निर्णयहरु यस मुसिकोट नगरपालिकाको नगर कार्यपालिका बाट अनुमोदन गर्ने निर्णय गरियो । साथै वडा नं १ निबासी दिल कमारी दमाईलाई रु ३०,०००।- (तिस हजार रुपैया) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १६**

यस मुसिकोट नगरपालिकाको आर्थिक विकास समिति मिति २०७४/०८/२६ गते र मिति २०७४/०९/१० गते बसेको बैठकका निर्णयहरु यस मुसिकोट नगर कार्यपालिकाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

यस मुसिकोट नगरपालिकाका नगर सभाका सदस्य सबैलाई पोशाक भत्ता स्वरुप रु ७५००( सात हजार पाँच सय) उपलब्ध गराउने, कोट पाइन्टको रङ खैरो तोक्ने निर्णय गरियो । उल्लेखित पोशाक भत्ता आन्तरिक कोषबाट प्रत्येक बर्ष उपलब्ध गराउने निर्णय गरियोा । नगर सभानका सदस्य तथा कर्मचारीहरु सबैलाई परिचय पत्र अनिबार्य रुपमा उपलब्धक गराई प्रयोगमा कडाइ गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

यस मुसिकोट नगर कार्यपालिकाको मिति २०७४ कार्तिक २० गतेको निर्णय नं. ९ अनुसार नगर प्रमुखको सचिवालयमा कम्प्युटर अपरेटर पदमा पहिला देखि नै काम गर्दै आउनु भएका धनकुमार शाहीलाई मिति २०७४/०९/१९ गते देखि लागू हुने गरी करार सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

यस नगरपालिकामा रु १०,०००००।- (अक्षरुपी दश लाख) बराबरको आकस्मिक कोष खडा गरी तपशिल अनुसारको कोष संचालन गर्न अध्ययन गर्न, प्रतिवेदन पेश गर्न र भुक्तानीका लागि सिफारीस गर्न निम्न अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

| | |
|---|---|
| नगर प्रमुख | -संयोजक |
| आर्थिक विकास समितिको संयोजक | -सदस्य |
| लेखा प्रमुख | -सदस्य |
| उप-प्रमुख | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | -सदस्य सचिव |

**निर्णय नं. २०**

यस नगरपालिकाबाट प्रकाशित विज्ञापनमा दरखास्त पेश भएका उम्मेदारको छनौट गर्दा प्रश्न पत्र निर्माण, प्रयोगात्मक परीक्षा संचालन अन्तरवार्ता संचालन, विषय विज्ञको भत्ता, पदपुर्ति समितिको बैठक भत्ता जस्ता रकमहरु पदपुर्ति समितिको सिफारीसमा भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

यस नगरपालिकाबाट गठित विषयगत समितिका पदाधिकारीहरुको बैठक वस्दा प्रति बैठक रु १०००।-(एक हजार ) का दरले प्रत्येक सदस्यहरुलाई बढीमा २ वटा बैठक वरावरको भत्ता दिने निर्णय गरियो ।

**निर्णय नं. २२**

यस मुसिकोट नगरपालिकाको वडा नं. १ र वडा नं. ५ को भुभागमा ढलनिकास तथा सरसफाई  कार्यक्रम संचालन गर्न डिजाइन स्टमेट तयार गर्न सम्बन्धीत निकायलाई अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. २३**

यस मुसिकोट नगरपालिकाको कार्यालयको क्षेत्रभित्र चमेना गृह तथा शौचालय निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

यस नगरपालिकाको कार्यालयको प्रयोजनको लागि आवश्यक केमरा र रेकर्डर प्रकृया पूरा गरी खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५.**

लक्षित वर्ग अन्तरगतका कार्यक्रमहरुको अध्ययन गरी नगरकार्यपालिकाको बैठकमा पेश गर्न उपप्रमुखको नेतृत्वमा छ वटा विषयगत समितिका संयोजक तथा प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. २६**

यस नगरपालिकाका वडा कार्यलय तथा कार्यलय प्रयोजनका लागि जम्मा १६ वटा मोटर साइकल आवश्यक भएकोले नियम पूरा गरी खरिद गर्ने निर्णय गरियो ।